२) उपदफा (१) वमोजिम परेका दरखास्तमा राम्वन्धित गाउँपालिकाले तोकि दिएको अधिकारीले आवश्यक जांचबुझ गरी गराइ दरखास्त परेको मितिले सामान्यतया जलस्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा ३० दिन भित्र र जलस्रोत उपयोगको अनुमति पत्रको हकमा ९० द्विनमा आवश्यक शर्तहरू तोकि दफा ५ का उपदफा १ मा उल्लिखित प्राथमिकता क्रम अनुसार दरखास्तवालालाई अनुमतिपत्र दिनु पर्नेछ। अनुमती पत्रको नमूना अनुमुची २ बमोजिम हुनेछ ।

३) अनुमति पत्र प्राप्त व्यक्तिले जलस्रोत उपयोग गरे वापत, आमाछोदिङमो गाउँपालिकालाई ताकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ।

४) अनुमति पत्र प्राप्त व्यक्तिले आफ्ना अनुमति पत्र विक्रि गर्न वा अन्य कुन प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा आमाछोदिङमो गाउँपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

५) अनुमति पत्रको लागि आवश्यक कागजात अनूसूर्ची ३ बमोजिम हुनेछ ।

६) यो कार्यविधि जारी हुन अघि प्राप्त निवेदनहरुलाई निवेदन दिएको मितिदेखि माथिको समयसिमा लागु हुनेछ ।

१०. जलविद्युतको लागि जलस्रोतको उपयोगः दफा ६ मा जुनसुकै कुरा लेखिएको भएता पनि १ मेगावाट सम्मको जलविद्युत उत्पादन गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गः अनुमतिपत्रको सम्बन्धमा प्रचलित कानुन वमोजिम हुनेछ ।

११. अनुमतिपत्र नविकरण गर्ने :

१) यो कार्यविधि वमोजिम जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रमा उल्लिखित अवधि समाप्त हुन अगावै अर्को अवधिको लागि अनुमतिको नविकरण गर्नु पर्नेछ ।

आमाछोदिङमो स्थानीय राजपत्र

